# एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

*(संवत् २०७९ साल जेठ ०५ गतेसम्म भएका संशोधनहरू समेत मिलाइएको)*

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

बागमती प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौँडा, नेपाल

# एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>

२०७८।०७।२९

<u>संशोधन</u>

एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७९ — २०७९।०२।०५

**<u>प्रस्तावनाः</u>** विद्यालय तहमा नै विद्यार्थीहरुको समग्र स्वास्थ्य, सरसफाई, पोषण, मानसिक स्वास्थ्य, किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य प्रवर्धन गर्न तथा सरुवा र नसर्ने रोग रोकथाम बारे जानकारी गराई स्वस्थ जीवन यापन अपनाउन उत्प्रेरित गर्न बागमती प्रदेशमा आर्थिक वर्ष २०७५/०७६ मा नमूना स्वास्थ्य प्रवर्धन कार्यक्रमको रुपमा शुरुवात गरिएको एक विद्यालय एक नर्स कार्यक्रमको निरन्तरता तथा विस्तारको लागि प्रदेश स्वास्थ्य सेवा ऐन २०७५ को दफा ८५ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन कार्यविधि,२०७८" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) "कार्यक्रम" भन्नाले "एक विद्यालय एक नर्स कार्यक्रम" सम्झनु पर्छ ।

♦"(क१)"निर्देशक समिति" भन्नाले दफा ५ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ ।"

(ख) "प्रदेश सरकार" भन्नाले प्रदेश सरकार, बागमती प्रदेश सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेशको स्वास्थ्य मन्त्रालय सम्झनु पर्छ ।

(घ) "विद्यालय" भन्नाले सामुदायिक माध्यमिक विद्यालय सम्झनु पर्छ।

(ङ) "विद्यालय नर्सिङ्ग अधिकृत" भन्नाले दफा ७ बमोजिम नियुक्त गरीएको विद्यालय नर्सिङ्ग अधिकृत सम्झनु पर्छ।

(च) "विद्यालय नर्स" भन्नाले दफा ८ बमोजिम नियुक्ति गरीएको विद्यालय नर्स सम्झनु पर्छ।

(छ) "विद्यालय स्वास्थ्य समन्वय समिति" भन्नाले दफा ३४ बमोजिम गठन भएको विद्यालय स्वास्थ्य समन्वय समिति सम्झनु पर्छ ।

(ज) "विद्यालय स्वास्थ्य इकाई" भन्नाले दफा ३७ बमोजिम गठन भएको विद्यालय स्वास्थ्य इकाई सम्झनु पर्छ।

(झ) "स्थानीय तह" भन्नाले बागमती प्रदेशका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ।

---

♦ पहिलो संशोधनद्वारा थपिएको ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ञ) "स्थानीय स्वास्थ्य संस्था" भन्नाले विद्यालय क्षेत्रको नजिक रहेका प्रदेश सरकार तथा स्थानीय तह मातहतका सामुदायिक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेद औषधालय, प्राथमिक स्वास्थ्य केन्द्र, आधारभूत अस्पताल वा अन्य सरकारी स्वास्थ्य संस्था समेतलाई जनाउँछ।

♦"(ट) "समिति" भन्नाले दफा २३ बमोजिमको छनोट एवम् सिफारिस समिति सम्झनु पर्छ ।"

## परिच्छेद-२
## उद्देश्य

३. **कार्यक्रमको उद्देश्यः** विद्यार्थीहरुको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार ल्याउन यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) विद्यालयमा प्रवर्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक स्वास्थ्य सेवा प्रदान गर्ने,

(ख) विद्यार्थीहरुलाई पोषिलो खाना तथा सरसफाई बारे जानकारी गराउने र प्रोत्साहित गर्ने,

(ग) विद्यालयमा पत्रुखाना (Junk Food) निरुत्साहित गर्ने,

(घ) यौन तथा प्रजनन्, मानसिक, मुख तथा दाँत र आँखाको स्वास्थ्य जस्ता विषयमा स्वास्थ्य परीक्षण गर्ने र परामर्श सेवा प्रदान गर्ने,

♦ पहिलो संशोधनद्वारा थपिएको ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ङ) विद्यालय नर्स तथा विद्यार्थी मार्फत परिवार एवं समुदायलाई स्वस्थ बनाउन सचेतना जगाउने,

(च) विद्यार्थी, शिक्षक, कर्मचारी, परिवार एवं समुदायलाई स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्ने,

(छ) सर्ने तथा नसर्ने रोगहरुको रोकथामका लागि विद्यार्थीहरुको सहभागितामा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,

(ज) विद्यालय स्वास्थ्यका अन्य क्रियाकलापहरु कार्यान्वयन गर्ने ।

## परिच्छेद-३
## विद्यालय छनोट र सञ्चालन सम्बन्धी व्यवस्था

४. **विद्यालय छनोट आधारः** (१) स्थानीय तहको सिफारिसमा मन्त्रालयले सामुदायिक विद्यालयको छनोट गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहले मन्त्रालयमा सिफारिस गर्दा देहायका आधारहरु लिनु पर्नेछः-

(क) विद्यालयको कूल विद्यार्थी संख्या,

(ख) विद्यालयमा छात्राको प्रतिशत,

(ग) लोपोन्मुख, अतिसीमान्तकृत, सीमान्तकृत तथा दलित समुदायको विद्यार्थी प्रतिशत,

(घ) विद्यालयको वर्तमान भौतिक अवस्था ।

(३) उपदफा (२) बमोजिम विद्यालय छनोटका लागि दिइने अंकभार अनुसूची-१ बमोजिम हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(४) उपदफा (२) बमोजिमको आधारमा सम्बन्धित स्थानीय तहले कार्यक्रम सञ्चालन हुने विद्यालय छनोट गरी मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ।

(५) यो कार्यविधि लागू हुनुभन्दा अघि छनोट भई कार्यक्रम सञ्चालन भइसकेका विद्यालय स्वतः छनोट भएको मानिनेछ।

(६) यो कार्यविधि लागू हुनु भन्दा अगाडि उपदफा (४) बमोजिम स्थानीय तहबाट सिफारिस भई आएका विद्यालयहरुमा कार्यक्रम सञ्चालन नभएको अवस्थामा त्यस्ता विद्यालयहरुलाई मन्त्रालयले छनोट गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम स्थानीय तहबाट सिफारिस नभएको अवस्थामा सम्बन्धित स्थानीय तहले उपदफा (२) बमोजिमको आधारमा मन्त्रालयमा छनोटका लागि सिफारिस गर्नु पर्नेछ।

५. **निर्देशक समितिः** (१) एक विद्यालय एक नर्स कार्यक्रम कार्यान्वयनको नीतिगत मार्ग निर्देश गर्न र आवश्यक समन्वय गर्नको लागि प्रदेश स्तरमा देहाय बमोजिमको "एक विद्यालय एक नर्स कार्यक्रम कार्यान्वयन निर्देशक समिति" गठन हुनेछः-

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) निर्देशक, स्वास्थ्य निर्देशनालय -सदस्य

(ग) निर्देशक, स्वास्थ्य तालिम केन्द्र -सदस्य

(घ) निर्देशक, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र -सदस्य

(ङ) शाखा प्रमुख, नर्सिङ शाखा,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

स्वास्थ्य निर्देशनालय -सदस्य

(च) प्रमुख, शैक्षिक योजना तथा अनुसन्धान महाशाखा, सामाजिक विकास मन्त्रालय -सदस्य

(छ) प्रतिनिधि (उपसचिवस्तर), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ज) प्रतिनिधि (उपसचिवस्तर), आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(झ) प्रमुख, योजना, अनुगमन तथा जनस्वास्थ्य महाशाखा, मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६. **<u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार</u>**: निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम कार्यान्वयनका लागि मार्ग निर्देशन गर्ने,

(ख) कार्यक्रम सम्बन्धी नीति तथा योजना तर्जुमा गर्न सिफारिस गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनको लागि समन्वय तथा सहजीकरण गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनको समीक्षा गर्ने,

(ङ) यस कार्यक्रमसँग सम्बन्धित सम्पूर्ण समस्या र गुनासोहरुको व्यवस्थापन गर्ने,

(च) यस कार्यक्रमसँग सम्बन्धित मन्त्रालयबाट तोकिएका अन्य कार्यहरु गर्ने, गराउने।

## परिच्छेद-४
## विद्यालय नर्सको नियुक्ति, सुविधा र कामकाज

७. **विद्यालय नर्सिङ्ग अधिकृत नियुक्तिः** (१) मन्त्रालयले विद्यालय नर्सहरुको व्यवस्थापन, अनुगमन र मूल्याङ्कनमा सहयोग गर्न एक जना नर्सिङ्ग अधिकृत करारमा नियुक्त गर्नु पर्नेछ।

(२) विद्यालय नर्सिङ्ग अधिकृत स्वास्थ्य सेवाको अधिकृत सातौं तह सरहको हुनेछ।

८. **विद्यालय नर्स नियुक्तिः** (१) मन्त्रालयले कार्यक्रम सञ्चालन हुने सबै सामुदायिक विद्यालयका लागि एक जना विद्यालय नर्स सेवा करारमा नियुक्ति गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा करारमा नियुक्त हुने विद्यालय नर्स र यसअघि करारमा नियुक्त भएका विद्यालय नर्सिङ्ग अधिकृत र विद्यालय नर्सको करार अवधि मन्त्रालयले थप गर्न सक्नेछ।

(३) विद्यालय नर्स स्वास्थ्य सेवाको पाँचौं तह सरह हुनेछ।

९. **विद्यालय नर्सिङ्ग अधिकृत तथा विद्यालय नर्सको पारिश्रमिकः** (१) विद्यालय नर्सिङ्ग अधिकृतको पारिश्रमिक स्वास्थ्य सेवाको अधिकृत सातौं तहको शुरु तलब स्केल सरहको हुनेछ।

(२) विद्यालय नर्सको पारिश्रमिक स्वास्थ्य सेवाको पाँचौं तहको शुरु तलब स्केल सरहको हुनेछ।

(३) करार अवधि समाप्त भएमा विद्यालय नर्सिङ्ग अधिकृत र विद्यालय नर्सलाई कुनै पनि पारिश्रमिक प्रदान गरीने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१०. **<u>विद्यालय नर्सलाई मन्त्रालयले कामकाजमा खटाउन सक्नेः</u>** (१) मन्त्रालयले विद्यालय नर्सलाई महामारी वा स्वास्थ्य आपतकालको अवस्था वा अत्यावश्यक स्वास्थ्य सेवा वा अन्य स्वास्थ्य सेवा सम्बन्धी कामकाजमा जुनसुकै समयमा आवश्यकता अनुसार स्वास्थ्य संस्थामा खटाउन सक्नेछ।

(२) .....✂ महामारी वा प्राकृतिक विपद् वा स्वास्थ्य आपतकालको अवस्था वा अन्य कुनै कारणले विद्यालय बन्द हुन गएमा मन्त्रालय वा स्थानीय तहले विद्यालय नर्सलाई स्वास्थ्य संस्थामा कामकाजमा खटाउन सक्नेछ।

(३) मन्त्रालय वा स्थानीय तह वा विद्यालयले विद्यालय नर्सलाई आवश्यकता अनुसार वृत्ति विकासका लागि कार्य जिम्मेवारीसँग सम्बन्धित तालिममा पठाउन सक्नेछ।

११. **<u>पारिश्रमिक, चाडपर्व खर्च र भुक्तानीः</u>** (१) विद्यालय नर्सले स्वास्थ्य सेवाको पाँचौं तह सरहको शुरु तलव स्केल बराबरको मासिक पारिश्रमिक, चाडपर्व खर्च र वार्षिक पोशाक भत्ता करार सम्झौतामा उल्लेख भए बमोजिम पाउनेछ।

(२) करार सेवामा रही छ महिना भन्दा बढी निरन्तर सेवा गरेमा हरेक वर्ष एक महिनाको पारिश्रमिक बरावरको रकम चाडपर्व खर्च बापत दिइनेछ।

(३) उपदफा (१) बमोजिम विद्यालय नर्सको मासिक पारिश्रमिक, चाडपर्व खर्च र वार्षिक पोशाक भत्ता बापतको बजेट वार्षिक रुपमा मन्त्रालयले व्यवस्था गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

---

✂ पहिलो संशोधनद्वारा झिकिएको ।

∗"(४) उपदफा (३) बमोजिमको बजेट स्थानीय तह वा मन्त्रालय मातहतको निकायमा पठाइनेछ ।"

(५) उपदफा (३) बमोजिम विद्यालय नर्सको निरन्तरताका लागि बजेट व्यवस्था नभएमा स्थानीय तहले पारिश्रमिक, चाडपर्व खर्च र वार्षिक पोशाक भत्ता बापतको बजेट व्यवस्था गरी निरन्तरता गर्न सक्नेछ।

(६) स्थानीय तहले विद्यालय नर्सको पारिश्रमिक सम्बन्धित विद्यालय मार्फत भुक्तानी गर्नु पर्नेछ।

१२. **विद्यालय नर्सको बिदा लगायत अन्य सेवा सुविधाः** (१) विद्यालय नर्सले यस कार्यविधिमा उल्लेख भए बमोजिम सुविधा पाउनेछ।

(२) बिना सूचना कार्यरत विद्यालय/कार्यालयमा उपस्थित नभएमा त्यस्तो अनुपस्थित दिनको तलब पाउने छैन।

(३) स्थानीय तहले सरकारी कामकाजको सिलसिलामा विद्यालय नर्सलाई दैनिक भ्रमणमा काज खटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम दैनिक भ्रमण भत्ता पाउने स्थानमा काजमा खटिंदा भ्रमण खर्च नियमावली बमोजिम स्वास्थ्य सेवाको पाँचौं तहले पाउने दैनिक भ्रमण भत्ता बराबरको रकम पाउनेछ।

(५) विद्यालय नर्सले मासिक रुपमा एक दिन भैपरी बिदा प्राप्त गर्न सक्नेछन्।

(६) उपदफा (५) बाहेक किरिया बिदा पन्ध्र दिन र प्रसूति बिदा अन्ठानब्बे दिन पाउनेछ ।

∗ पहिलो संशोधनद्वारा संशोधित ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(७) यस कार्यविधिमा तोकिएदेखि बाहेक सेवा, सुविधा र अन्य शर्तहरु सेवा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद-५
## <u>विद्यालय नर्सको छनोट प्रक्रिया</u>

१३. **<u>विद्यालय नर्सको छनोट प्रक्रिया र अङ्कभार</u>:** मन्त्रालयले लिखित परीक्षा, अन्तर्वार्ता र अन्य पक्षको मूल्याङ्कन विधि/प्रक्रियाबाट कुल एक सय अङ्क हुने गरी देहाय बमोजिम विद्यालय नर्सको छनोट गर्नु पर्नेछ।

(क) लिखित परीक्षा पचास अङ्कको हुनेछ,

(ख) अन्तर्वार्ता बीस अङ्कको अनुसूची-२ बमोजिम हुनेछ,

(ग) अन्य पक्षको मूल्याङ्कन तीस अङ्कको हुनेछ जसमा मूल्याङ्कन गर्दा उम्मेदवारको शैक्षिक योग्यता, कार्यअनुभव, स्थानीयता र जातीयता (लोपोन्मुख/अतिसीमान्तकृत/सीमान्तकृत/दलित जाति) लाई अनुसूची-३ बमोजिम अङ्क प्रदान गरीनेछ।

१४. **<u>लिखित परीक्षा तथा अन्तर्वार्ताको पाठ्यक्रम</u>:** लोक सेवा आयोगले स्टाफ नर्स पदको लागि तयार गरेको पाठ्यक्रम नै विद्यालय नर्स छनोट लिखित परीक्षा तथा अन्तर्वार्ता प्रयोजनको लागि पाठ्यक्रम हुनेछ।

१५. **<u>सूचना/विज्ञापन प्रकाशन</u>:** (१) विद्यालय नर्सको पदपूर्ति गर्नका लागि आवश्यकता सम्बन्धी सूचना मन्त्रालयले कम्तीमा पन्ध्र दिनको म्याद दिई मन्त्रालयको सूचना पाटी, वेबसाइट र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपदफा (१) बमोजिमको अवधिमा मन्त्रालयले आवश्यक ठानेमा सूचनाको अवधि बढीमा सात दिन थप गरी दरखास्त आव्हान गर्न सक्नेछ।

१६. **दरखास्त फारामः** (१) विद्यालय नर्सको आवेदन/दरखास्त फाराम लोकसेवा आयोगले पाँचौं तहको विज्ञापनको लागि प्रयोग गर्ने आवेदन/दरखास्त फाराम प्रयोग गर्नु पर्नेछ।

(२) दरखास्त फाराम भर्ने विधि अनलाइन माध्यमबाट समेत गर्न सकिनेछ।

(३) विद्यालय नर्सको परीक्षाका लागि दरखास्त आव्हान गर्दा स्थानीय तह अनुसार दरखास्त आव्हान गर्नु पर्नेछ।

(४) एकै उम्मेदवारले दुई वटा स्थानीय तहको लागि दरखास्त पेश गर्न पाइने छैन।जुन स्थानीय तहमा काम गर्न ईच्छुक हो सोही स्थानीय तहको लागि मात्र दरखास्त पेश गर्नु पर्नेछ।

♦"तर कुनै पालिका अन्तर्गतको विद्यालयमा विद्यालय नर्सको पदमा कार्यरय व्यक्तिले अर्को पालिका अन्तर्गतको विद्यालय नर्सको पदमा दरखास्त दिन पाउने छैन ।"

(५) उपदफा (४) बमोजिम दरखास्त फाराम बुझाउँदा दरखास्तको साथमा देहाय बमोजिमका कागजात र प्रमाणपत्रहरु संलग्न गरी पेश गर्नु पर्नेछः-

(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) अनुभव वा तालिम भए सोको प्रमाणपत्रको प्रतिलिपि,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

---

♦ पहिलो संशोधनद्वारा थपिएको ।

(घ) नेपाल नर्सिंग काउन्सिलमा दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

(ङ) विदेशी शैक्षिक संस्थाबाट प्राप्त शैक्षिक उपाधिको हकमा समकक्षता निर्धारण भएको प्रमाणपत्रको प्रतिलिपि,

(च) स्थानीयता, जातीयता (लोपोन्मुख/ अतिसीमान्तकृत/सीमान्तकृत/दलित जाति भएमा) आदि खुल्ने स्थानीय तहले प्रमाणित गरेको कागजातको प्रतिलिपि ।

(६) दफा १५ बमोजिम तोकिएको अवधिमा रितपूर्वक दरखास्त पेश गर्ने उम्मेदवारहरुको स्वीकृत भएको नामावली ♦"मन्त्रालयको वेबसाइटमा" प्रकाशन गर्नु पर्नेछ।

१७. **दरखास्त दस्तुरः** (१) विद्यालय नर्स र नर्सिङ्ग अधिकृतको दरखास्त फारामको साथमा संलग्न गर्नु पर्ने परीक्षा दस्तुर लोक सेवा आयोगले पाँचौं र सातौं तहको खुल्ला विज्ञापनमा लिने दस्तुर सरह लिइनेछ।

(२) उपदफा (१) बमोजिमको दस्तुर मन्त्रालयले तोकेको बैंक र खाता नम्बरमा दाखिला गर्नु पर्नेछ।

१८. **प्रश्नपत्र निर्माणः** (१) दफा २३ बमोजिम विद्यालय नर्सको छनोट तथा सिफारिस समितिले वस्तुगत प्रश्नपत्रको निर्माण गर्नु पर्नेछ।

(२) मन्त्रालयले सम्बन्धित विषयका दक्ष र विशेषज्ञद्वारा वस्तुगत प्रश्नपत्र निर्माण गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम वस्तुगत प्रश्नपत्र निर्माण गराउँदा कम्तीमा तीन सेट प्रश्नपत्र निर्माण गराउनु पर्नेछ।

---

♦ पहिलो संशोधनद्वारा थपिएको ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(४) उपदफा (३) बमोजिम निर्माण भएको वस्तुगत प्रश्नपत्रहरु मध्येबाट सिफारिस समितिले वस्तुगत प्रश्नहरु छनोट गरी परीक्षा सञ्चालन गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम वस्तुगत प्रश्नपत्र निर्माण गर्दा गोपनीयतालाई विशेष ध्यान दिनु पर्नेछ।

१९. **उत्तर पुस्तिकामा संकेत नम्बर राख्नेः** (१) सबै उत्तरपुस्तिकामा अनिवार्य रुपले संकेत नम्बर राख्नु पर्नेछ।

(२) हरेक उम्मेदवारहरुलाई एक मात्र संकेत नम्बर दिइनेछ।

(३) उत्तर पुस्तिकाहरुको जाँच Software द्वारा गरीनेछ।

२०. **लिखित परीक्षा सञ्चालनः** (१) दफा १६ बमोजिम पेश भएका दरखास्त स्वीकृत भएका उम्मेदवारहरुले मात्र लिखित परीक्षामा सामेल हुन पाउनेछन्।

(२) उपदफा (१) बमोजिमको लिखित परीक्षा पचास पूर्णाङ्कको वस्तुगत प्रश्नमा आधारित हुनेछ।

(३) लिखित परीक्षाको लागि छनोट भएको हरेक वस्तुगतप्रश्नको अङ्कभार एक अङ्कको हुनेछ।

(४) लिखित परीक्षाको उत्तीर्णाङ्क चालीस प्रतिशत हुनेछ।

(५) लिखित परीक्षामा उपदफा (४) बमोजिम उत्तीर्णाङ्क प्राप्त नगर्ने उम्मेदवारलाई विद्यालय नर्सको बाँकी छनोट प्रक्रियामा सहभागी गराउन पाइने छैन ।

२१. **अन्तर्वार्ताः** (१) दफा २० बमोजिम लिखित परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुको अन्तरवार्ताका लागि कम्तीमा सात दिनको समयावधि दिई सूचना प्रकाशन गरी अन्तरवार्ता सञ्चालन गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपदफा (१) बमोजिमको अन्तर्वार्ता अनुसूची-२ बमोजिम जम्मा बीस पूर्णाङ्कको हुनेछ।

(३) उम्मेदवारलाई अन्तरवार्ताको अङ्क प्रदान गर्दा पूर्णाङ्कको न्यूनतम चालीस प्रतिशत र अधिकतम सत्तरी प्रतिशत भित्ररही अङ्क प्रदान गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम अङ्क प्रदान गर्दा सत्तरी प्रतिशत भन्दाबढी वा चालीस प्रतिशत भन्दाघटी अङ्क प्रदान गर्नु परेमा स्पष्ट आधार र कारण उल्लेख गरी अन्तर्वार्ता फाराममा उल्लेख गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम घटी वा बढी अङ्क दिएको तर कारण नखोलेको पाइएमा बढीमा सत्तरी प्रतिशत र घटीमा चालीस प्रतिशत अङ्क कायम हुनेछ।

(६) उपदफा (१) बमोजिमको सूचनामा तोकिएको अवधिमा सोही सूचनामा तोकिएको कागजात सहित लिखित परीक्षामा सफल उम्मेदवार अन्तर्वार्ताका लागि उपस्थित हुनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम उपस्थित नहुने उम्मेदवारलाई अन्तर्वार्ताको लागि अर्को मौका प्रदान गरीने छैन।

२२. **<u>अन्तिम नतिजा प्रकाशन तथा नियुक्तिको लागि सिफारिस गर्ने</u>:** (१) लिखित परीक्षा, अन्तर्वार्ता र अन्य पक्षको मूल्याङ्कन विधि/प्रक्रियामा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई दफा २३ बमोजिमको समितिले नियुक्तिको लागि छनोट तथा सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छनोट भएको उम्मेदवारको संकेत नम्बर, नाम थर, ठेगाना, काम गर्न तोकिएको जिल्ला,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

स्थानीय तह र विद्यालय उल्लेख गरी नियुक्तिको लागि मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम नतिजा प्रकाशन गर्दा पद संख्या भन्दा दोब्बर संख्यामा वैकल्पिक उम्मेदवार सिफारिस गरी सोको सूची समेत प्रकाशन गर्नु पर्नेछ।

तर आवेदन नै कम परेको वा उत्तीर्ण नभएको कारण वैकल्पिक उम्मेदवार नभएको अवस्थामा वैकल्पिक उम्मेदवारको सूची कम संख्यामा निकाल्न वा मुख्य उम्मेदवार मात्र सिफारिस गर्न कुनै बाधा पर्ने छैन।

(४) उपदफा (२) र (३) बमोजिम सिफारिस भएका उम्मेदवारहरुको योग्यताक्रम सूचीको सूचना मन्त्रालयको सूचना पाटी र वेबसाइटमा राख्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको योग्यताक्रममा रहेका उम्मेदवारहरुलाई सात दिनभित्र करार सम्झौता गर्न आउन सूचित गरी सोको अभिलेख समेत राख्नु पर्नेछ।

(६) विद्यालय नर्सको पद कुनै कारणले करार अवधिमा रिक्त भएमा वैकल्पिक योग्यताक्रममा रहेका उम्मेदवारको सूचीबाट नियुक्ति गर्नु पर्नेछ।

(७) दफा १६ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्थानीय तहमा कसैको पनि दरखास्त नपरेको वा दरखास्त परे तापनि कुनै पनि उम्मेदवार उत्तीर्ण नभएको अवस्था भई उम्मेदवार सिफारिस  हुन नसकेमा अन्य स्थानीय तहका इच्छुक वैकल्पिक उम्मेदवारहरुबाट त्यस्तो दरखास्त नपरेको वा दरखास्त परे तापनि कुनै पनि उम्मेदवार उत्तीर्ण नभएको स्थानीय तहमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

वैकल्पिक योग्यताक्रमको आधारमा नियुक्तिको लागि समितिले मन्त्रालय समक्ष सिफारिस गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम नियुक्तिको लागि सिफारिस गर्दा सम्बन्धित जिल्लाका सम्बन्धित स्थानीय तहसँग सिमाना जोडिएका स्थानीय तहको वैकल्पिक उम्मेदवारलाई पहिलो प्राथमिकता, सो नभएमा सम्बन्धित जिल्लाका वैकल्पिक उम्मेदवारलाई दोश्रो प्राथमिकता र सो पनि नभएमा प्रदेशका अन्य जिल्लाका अन्य स्थानीय तहका वैकल्पिक उम्मेदवारलाई तेश्रो प्राथमिकतामा राखी नियुक्तिको लागि सिफारिस गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिम पनि नियुक्ति सिफारिस हुन नसकेमा विज्ञापन प्रकाशन गरी सेवा करारमा नियुक्ति गर्नु पर्नेछ।

(१०) उपदफा (७) र उपदफा (८) बमोजिमको वैकल्पिक उम्मेदवारको नियुक्ति सफल उम्मेदवारको शुरु सिफारिस भएको मितिले एक .....✂ वर्षसम्म मात्र लागू हुनेछ।

२३. **छनोट एवं सिफारिस समितिः** (१) एक विद्यालय एक नर्स कार्यक्रम अन्तरगत विद्यालय नर्स छनोट गरी नियुक्तिको लागि सिफारिस गर्न देहायको छनोट एवं सिफारिस समिति रहनेछः-

(क) निर्देशक, स्वास्थ्य निर्देशनालय -संयोजक

(ख) प्रमुख, योजना, अनुगमन तथा जनस्वास्थ्य महाशाखा, मन्त्रालय -सदस्य

(ग) अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(घ) अधिकृत प्रतिनिधि, सामाजिक

✂ पहिलो संशोधनद्वारा झिकिएको ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश

विकास मन्त्रालय -सदस्य

∗"(ङ) प्रमुख, प्रशासन शाखा, मन्त्रालय -सदस्य"

♦"(च) नर्सिङ अधिकृत, मन्त्रालय -सदस्य"

♦"(छ) कार्यक्रम हेर्ने सम्बन्धित अधिकृत, निर्देशनालय -सदस्य-सचिव"

(२) छनोट एवं सिफारिस समितिले आवश्यकता अनुसार समितिका सदस्यको संयोजकत्वमा उपसमिति बनाई छनोट तथा सिफारिस सम्बन्धी कार्य गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार मन्त्रालयले आमन्त्रित सदस्य वा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि छनोट एवं सिफारिस समिति आफैले वा एक जना विज्ञ सहित बेग्लै अन्तर्वार्ता समिति गठन गरी अन्तर्वार्ता लिन सक्नेछ।

(५) समितिको कार्यविधि र उपदफा (२) बमोजिमको उपसमितिले गर्ने कार्य सम्बन्धी विषय छनोट एवं सिफारिस समितिले निर्णय गरे बमोजिम हुनेछ।

२४. **करार सम्झौताः** (१) करार नियुक्तिका लागि सिफारिस भएका विद्यालय नर्सका मुख्य/वैकल्पिक उम्मेदवारसँग अनुसूची-४ बमोजिमको ढाँचामा सेवा करार सम्झौता गर्नु पर्नेछ ।

---

∗ पहिलो संशोधनद्वारा संशोधित ।

♦ पहिलो संशोधनद्वारा थपिएको ।

(२) उपदफा (१) बमोजिम सिफारिस भएको मुख्य उम्मेदवार सात दिनभित्र करार सम्झौता गर्न नआएमा वैकल्पिक उम्मेदवारलाई क्रमशः योग्यताक्रमको आधारमा सात दिनको सूचना दिई करार सम्झौता गर्न सूचना गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सेवा करार सम्झौता गरे पश्चात् सम्झौता गर्ने निकायले नै अनुसूची-५ बमोजिम सेवा करार नियुक्तिको पत्र समेत विद्यालय नर्सलाई दिनु पर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम सेवा करार गर्दा सोही निकायले कार्यविवरण, कार्यक्षेत्र तथा काम, कर्तब्य र अधिकार खुलाई विद्यालय समेत तोकी काममा लगाउनु पर्नेछ।

(५) यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गर्दा आर्थिक वर्ष ननाघ्ने गरी एक वर्षको लागि मात्र करार गर्नु पर्नेछ।

(६) विद्यालय नर्सले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा एक महिना अगाडि विद्यालयमा लिखित रुपमा जानकारी गराई सो को बोधार्थ सम्बन्धित स्थानीय तह र मन्त्रालयलाई दिनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम जानकारी नगराई करार सम्झौता भंग गरेमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिइने छैन।

तर मनासिव कारण खुलाई राजीनामा स्वीकृत गराइएको हकमा पुनः करारमा नियुक्ति लिन कुनै वाधा पर्नेछैन ।

(८) करार सम्झौता गर्दा देहाय बमोजिमका विषयहरु सहमतिमा गरीएको भनी अनिवार्य रुपमा खुलाउनु पर्नेछः-

(क) सेवा करार सम्झौताको अधिकतम अवधि,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(ख) सेवा करारमा रही गर्नु पर्ने कामको विवरण,

(ग) सेवाका शर्त र सुविधाहरु,

(घ) करार भंग हुने अवस्था,

(ङ) मासिक पारिश्रमिक,

(च) बिदा लगायतका अन्य विषयहरु।

२५. **<u>करार सेवाको अन्त्यः</u>** (१) देहायको अवस्थामा विद्यालय नर्ससँगको करार सम्झौता जुनसुकै बखत अन्त्य हुनेछः-

(क) मन्त्रालयबाट कार्यक्रमको निरन्तरता नपाएमा

वा

(ख) कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था नभएमा

वा

(ग) दफा ८ को उपदफा (२) बमोजिम म्याद थप नभएमा

वा

(घ) सम्बन्धित विद्यालय व्यवस्थापन समितिले निर्णय गरी विद्यालय नर्सको कार्य सम्पादन सन्तोषजनक नरहेको भनी सिफारिस भई आएमा,

(ङ) शारीरिक अस्वस्थ भई वा अन्य कुनै कारणले सेवादिन असमर्थ भएमा

वा

(च) सेवाबाट अलग हुनका लागि कम्तीमा एक महिना अगावै मन्त्रालय वा सम्बन्धित स्थानीय तहलाई जानकारी दिएमा,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(छ) आचरण र पदीय अनुशासन सम्बन्धी कुराहरु उल्लङ्घन गरेमा ।

(२) उपदफा (१) को खण्ड (घ) र (छ) बमोजिम करार सम्झौता भङ्ग गर्नु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

(३) जुनसुकै कारणबाट करार अन्त्य हुनु अघि सरकारी नगदी, जिन्सी, मालसामान, अभिलेख र कागजात नियमानुसार बरबुझारथ गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम बरबुझारथ नगरेमा सरकारी बाँकी सरह असूल उपर गरीने र प्रचलित कानून बमोजिम कारबाही गरीनेछ।

२६. **विद्यालय नर्स परीक्षा सञ्चालन खर्च मापदण्डः** विद्यालय नर्स परीक्षा सञ्चालन, अन्तर्वार्ता लगायत अन्य प्रक्रियाको लागि हुने खर्च मापदण्ड बागमती प्रदेश लोक सेवा आयोगको खर्च मापदण्ड बमोजिम हुनेछ।

## परिच्छेद-६

## विद्यालय नर्सिङ्ग अधिकृत र विद्यालय नर्सको काम, कर्तव्य र अधिकार तथा योग्यता

२७. **विद्यालय नर्सिङ्ग अधिकृतको काम, कर्तव्य र अधिकारः** (१) दफा ७ बमोजिम नियुक्त विद्यालय नर्सिङ्ग अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सरोकारवाला निकायसँग आवश्यक समन्वय गरी विद्यालय नर्सलाई सेवा प्रवेश तालिम, क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(ख) आफूले गर्ने कामहरुको साप्ताहिक, मासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक कार्यतालिका बनाउने,

(ग) संघ, प्रदेश तथा स्थानीय तहद्वारा सञ्चालित विद्यालय स्वास्थ्य कार्यक्रमहरु कार्यान्वयनका लागि आवश्यक योजना तयार गर्ने,

(घ) कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न र आवश्यक समन्वय गर्न मन्त्रालयको योजना, अनुगमन तथा जनस्वास्थ्य महाशाखा अन्तरगत रही विद्यालय नर्सिङ्ग अधिकृत कक्षको सञ्चालन गर्ने,

(ङ) तत्कालीन रोगहरु (घाटी दुख्ने, झाडापखाला, आउँ, एलर्जी, ज्वरो, लुतो, पेट दुख्ने ईत्यादी) को पहिचान सहित व्यवस्थापन गर्न उपचार तालिका (Protocol/Standing Order) बनाउन पहल गर्ने,

(च) संघ, प्रदेश तथा स्थानीय सरकारका विद्यालय स्वास्थ्य सम्बन्धी नीति, कार्यविधि, निर्देशिका निर्माणमा आवश्यक समन्वय तथा पृष्ठपोषण प्रदान गरी सहयोग गर्ने,

(छ) स्थानीय तह र विद्यालयसँगको समन्वयमा विद्यालय नर्सिङ्ग कक्षको प्रभावकारी व्यवस्थापन गरी विद्यालय नर्सलाई उचित कार्य गर्न वातावरण सृजना गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(ञ) मन्त्रालयका महाशाखासँग आवश्यक समन्वय गर्ने,

(झ) संघ, स्थानीय तह तथा विद्यालयसँग आवश्यक क्रियाकलापहरुमा समन्वय गरी कार्यक्रमलाई गुणस्तरीय बनाउने,

(ञ) सरोकारवाला सरकारी तथा गैह्र सरकारी संस्थाहरुसँग समन्वय गरी नियमित समन्वयात्मक बैठक मार्फत बिगतको समीक्षा तथा आउने समयको लागि योजना बनाई गुणस्तरीय विद्यालय स्वास्थ्य सेवा प्रवाहमा सहयोग गर्ने।

(२) विद्यालय नर्स मार्फत प्राप्त प्रतिवेदन तथा Application मा इन्ट्री भएको तथ्याङ्कको अभिलेख राखी अध्ययन तथा विश्लेषण गरी मन्त्रालयमा पेश गर्ने साथै कार्यक्रमको प्रगति विवरण मासिक रुपमा मन्त्रालयमा प्रस्तुत गर्ने।

२८. **<u>विद्यालय नर्सको काम, कर्तव्य र अधिकार</u>:** (१) विद्यालय नर्सको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय नर्सले स्वास्थ्य सम्बन्धी प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक र प्रेषण सेवा उपलब्ध गराउनु पर्ने,

(ख) विद्यालयमा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नका लागि विद्यार्थीको अभिभावकसँग अनुसूची-६ बमोजिम पूर्व सुसूचीत मञ्जुरीनामा लिनु पर्ने,

(ग) विद्यार्थी/शिक्षक/कर्मचारीलाई थप उपचार आवश्यक भएमा अनिवार्य रुपमा अनुसूची-७ बमोजिमको प्रेषणपुर्जा भरेर सम्बन्धित स्वास्थ्य संस्थामा पठाउनु पर्नेछ,

(घ) विद्यार्थीहरुको पोषण अवस्था सुधार गर्न पोषणयुक्त आहारको सुसूचित गराई किशोर किशोरी पोषण कार्यक्रम लागू गर्ने,

(ङ) कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालनका लागि व्यवस्थापकीय भूमिका जस्तै योजना तर्जुमा, समन्वयात्मक भूमिका, अभिलेख, प्रतिवेदन तथा कार्यक्रमसँग सम्बन्धित अन्य कार्यहरु गर्नुपर्ने,

(च) मन्त्रालयले खटाएका स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा सम्बन्धी कार्य गर्ने।

(२) विद्यालय नर्सको अन्य काम, कर्तव्य र अधिकार अनुसूची-८ बमोजिम हुनेछ।

२९. <u>**योग्यताः**</u> (१) विद्यालय नर्सिङ्ग अधिकृतको योग्यता देहाय बमोजिम हुनेछः-

(क) नर्सिङ्ग विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण भएको,

(ख) नेपाल नर्सिङ्ग काउन्सिलमा नाम दर्ता र नवीकरण भएको,

(ग) २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको,

(घ) नेपाली नागरीक,

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश

(ङ) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट अवकाश नभएको,

(च) प्रचलित कानून बमोजिम अयोग्य नभएको ।

(२) विद्यालय नर्सको योग्यता देहाय बमोजिम हुनेछः-

(क) नर्सिङ्ग विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण भएको,

(ख) नेपाल नर्सिङ्ग काउन्सिलमा नाम दर्ता र नवीकरण भएको,

(ग) १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको,

(घ) नेपाली नागरीक,

(ङ) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट अवकाश नभएको,

(च) प्रचलित कानून बमोजिम अयोग्य नभएको।

३०. **<u>आचार संहिता पालना गर्नु पर्नेः</u>** विद्यालय नर्सिङ्ग अधिकृत र विद्यालय नर्स छनोट तथा सिफारिस समितिका पदाधिकारी, विषय बिज्ञ र अन्तर्वार्ता समितिका सदस्यहरुले अनुसूची-९ मा उल्लेख भए बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ।

३१. **<u>गोपनीयता कायम गर्नु पर्नेः</u>** विद्यालय नर्सिङ्ग अधिकृत र विद्यालय नर्स छनोट प्रक्रिया सम्बन्धी काम कारबाही तथा गोपनीयता गर्नु पर्ने परीक्षा सम्बन्धी कार्यमा आवश्यक गोपनीयता कायम राख्ने दायित्व सो काममा संलग्न सबै पदाधिकारी र कर्मचारीको हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# परिच्छेद-७
## <u>विविध</u>

३२. **<u>स्थानीय तहको काम, कर्तव्य र अधिकार</u>:** विद्यालय नर्स कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मन्त्रालय, निर्देशनालय र स्वास्थ्य कार्यालयसँग समन्वय गर्ने,

(ख) कार्यक्रम लागू भएको विद्यालयसँग समन्वय गर्ने,

(ग) बजेटको सुनिश्चितता गरी मन्त्रालयको सहमतिमा करार अवधि थप गर्ने,

(घ) विद्यालयसँगको समन्वयमा विद्यालय नर्सको लागि अनुसूची-८ बमोजिम क्लिनिकल सेटअप, आवश्यक भौतिक सामाग्री र औषधिजन्य सामाग्रीको व्यवस्थापनमा सहजीकरण गर्ने,

(ङ) विद्यालय नर्सको क्षमता अभिवृद्धिको लागि आवश्यक व्यवस्थापन र सहजीकरण गर्ने,

(च) कार्यक्रम लागू भएको विद्यालयको नियमित अनुगमन, मूल्याङ्कन तथा मेन्टोरिङ्ग (Mentoring) गर्ने।

३३. **<u>स्वास्थ्य कार्यालयको भूमिका</u>:** स्वास्थ्य कार्यालयको भूमिका, काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालय नर्सको क्षमता अभिवृद्धिको लागि आवश्यक व्यवस्थापन र सहजीकरण गर्ने,



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) कार्यक्रम लागू भएको विद्यालयको नियमित अनुगमन, मूल्याङ्कन तथा मेन्टोरिङ्ग (Mentoring) गर्ने,

(ग) मन्त्रालयले तोकेको कार्यविधि बमोजिम कार्य भएको सुनिश्चितता गर्ने,

(घ) विद्यालय नर्स कार्यक्रमको वार्षिक समीक्षा तथा भावी योजना तर्जुमा गोष्ठी सञ्चालन गर्ने ।

३४. **विद्यालय स्वास्थ्य समन्वय समिति गठनः** (१) स्थानीय तहमा कार्यक्रमलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न देहाय बमोजिमको विद्यालय स्वास्थ्य समन्वय समिति रहनेछ :-

(क) स्थानीय तहको उपप्रमुख/उपाध्यक्ष -संयोजक

(ख) स्थानीय तहमा स्वास्थ्यक्षेत्र हेर्ने स्थानीय तह सदस्य -सदस्य

(ग) कार्यक्रम सञ्चालन भएको सामुदायिक माध्यामिक विद्यालयका प्रधानाध्यापक मध्येबाट नगरपालिकाको प्रमुख/ गाउँपालिकाको अध्यक्षले तोकेको एक जना -सदस्य

(घ) विद्यालय नर्स मध्येबाट स्थानीय तहले तोकेको एक जना -सदस्य

(ङ) प्रमुख, स्थानीय तहको शिक्षा शाखा -सदस्य

(च) प्रमुख, स्थानीय तहको स्वास्थ्य शाखा -सदस्य

(छ) स्थानीय तह नर्सिङ फोकल पर्सन-सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

३५. **<u>विद्यालय स्वास्थ्य समन्वय समितिको काम, कर्तव्य र अधिकार</u>ः** विद्यालय स्वास्थ्य समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक सुधारका लागि अध्ययन गरी गाउँ/नगर कार्यपालिकालाई सुझाव दिने,

(ख) कार्यक्रम सञ्चालनको लागि आवश्यक सामाग्री, औषधि, तालिम लगायतको विषयमा विद्यालय र स्थानीय तहबिच समन्वय र सहजीकरण गर्ने,

(ग) विद्यालय नर्सिङ्ग कक्षको प्रभावकारी सञ्चालनको लागि आवश्यक पूर्वाधारको व्यवस्थापन गर्ने,

(घ) संस्थागत विद्यालयमा नर्स राख्नको लागि आवश्यक समन्वय र सम्झौताको लागि सहजीकरण गर्ने,

(ङ) कार्यक्रम सञ्चालनको लागि आवश्यक जनशक्ति र सोको व्यवस्थापनका सन्दर्भमा आवश्यक योजना निर्माण गर्ने, समन्वय र सुझाव दिने,

(च) स्थानीय तहमा यस कार्यविधि अनुरुप कार्यक्रम सञ्चालन भए नभएको नियमित अनुगमन, मूल्याङ्कन तथा मेन्टोरिङ्ग (Mentoring) गर्ने।

३६. **<u>विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार</u>ः** विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालयमा कार्यक्रम सञ्चालनको लागि सहजीकरण र समन्वय गर्ने,

(ख) आवश्यक औषधि, उपकरणको सुनिश्चितता गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(ग) विद्यालयमा सुर्तिजन्य पदार्थ, मदिराजन्य पदार्थ, जंक फुड लगायतका अन्य खाद्य पदार्थ नियन्त्रण गर्ने,

(घ) बालबालिका मैत्री/किशोरकिशोरी मैत्री/स्वास्थ्य मैत्री विद्यालय निर्माण गर्ने,

(ङ) विद्यालयमा कार्यक्रम नियमित रुपमा प्रभावकारी ढंगले सञ्चालन भए नभएको हेर्ने र प्रभावकारी बनाउन आवश्यक कार्य गर्ने,

(च) विद्यालय, स्थानीय स्वास्थ्य शाखा र स्थानीय तह वीच समन्वय गर्ने,

(छ) विद्यालयको योजना, कार्यक्रम र क्यालेण्डर बनाउँदा विद्यालय स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था भए नभएको सुनिश्चितता गर्ने,

(ज) विद्यालय नर्सको करार सम्झौताको म्याद थपका लागि सिफारिस गर्ने र कार्य सम्पादन सन्तोषजनक नभएमा सेवाबाट हटाउन सिफारिस गर्ने ।

३७. **<u>विद्यालय स्वास्थ्य इकाई गठन</u>:** विद्यालयमा कार्यक्रम सञ्चालन गर्नका लागि देहाय बमोजिम विद्यालय स्वास्थ्य इकाई रहने छः-

(क) स्वास्थ्य शिक्षक -संयोजक

(ख) महिला शिक्षक एक जना -सदस्य

(ग) विद्यार्थीहरुमध्येबाट एक-एक जना छात्रा र छात्र -सदस्य

(घ) विद्यालय नर्स -सदस्य-सचिव

३८. **<u>विद्यालय स्वास्थ्य इकाईको काम,कर्तव्य र अधिकार</u>:** विद्यालय स्वास्थ्य ईकाइको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(क) विद्यालयमा सञ्चालन गर्नु पर्ने स्वास्थ्य कार्यक्रमहरुको योजना तर्जुमा गर्ने,

(ख) विद्यालयमा स्वास्थ्य सेवा (प्रबर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, प्रेषण) प्रबाह गर्न आवश्यक पर्ने उपकरण लगायत औषधिको व्यवस्था गर्ने,

(ग) कार्यक्रम अन्तर्गतका सम्पूर्ण सेवाहरु नियमित रुपमा प्रदान गर्ने,

(घ) बालबाबालिका तथा किशोर किशोरी मैत्री शिक्षा र स्वास्थ्य सेवाको सुनिश्चितता गर्न सहयोग गरी बालविवाह नियन्त्रण गर्न विभिन्न क्रियाकलाप गर्ने,

(ङ) प्रदान गरीएका सेवाको अभिलेख चुस्त दुरुस्त रुपमा राख्ने,

(च) कक्षा एवं सेक्सनमा स्वास्थ्य स्वयंसेवी समिति गठन गर्ने।

३९. **<u>क्षमता अभिवृद्धि कार्यक्रम</u>**: (१) विद्यालय नर्सको  सेवा प्रवेश तथा क्षमता अभिवृद्धि तालिमको आवश्यक प्रवन्ध मन्त्रालयले गर्नेछ।

(२) स्थानीय तहको आन्तरिक स्रोतबाट नियुक्ति गरेको विद्यालय नर्सलाई समेत सेवा प्रवेश तथा क्षमता अभिवृद्धि तालिम मन्त्रालयले प्रदान गर्नेछ।

४०. **<u>विद्यालय नर्सलाई विषय शिक्षकको रुपमा काम लगाउन नहुने</u>**: विद्यालयले विद्यालय नर्सलाई विद्यालयको औपचारिक शिक्षा तर्फको स्वास्थ्य विषय पढाउन, सो विषयको प्रश्नपत्र निर्माण गर्न, उत्तरपुस्तिका जाँच गर्न वा त्यस्तै प्रकारका अन्य कार्य गर्न लगाउन हुदैंन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

४१. **<u>सरुवा नहुने र दावी गर्न नपाउने</u>:** (१) विद्यालय नर्सको सेवा करार सम्झौता हुँदाका बखत तोकिएको विद्यालय र स्थानीय तहबाट सरुवा गर्न पाइने छैन।

(२) यस कार्यविधि बमोजिम विद्यालय नर्सले करारमा पटक-पटक काम गरेकै आधारमा सेवा करार अन्त्य भएपछि वा अन्य कुनै कारणले पद मुक्त भएपछि भविष्यमा सम्बन्धित वा अन्य कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि प्रदेश सरकार समक्ष कुनै पनि दावी गर्न पाउने छैन।

४२. **<u>लोक सेवा आयोगको सिद्धान्त अवलम्वन गर्नु पर्ने</u>:** विद्यालय नर्सिङ्ग अधिकृत र विद्यालय नर्स छनोट तथा सिफारिस सम्बन्धी काम कारबाहीमा यस कार्यविधिमा उल्लेख नभएका कुराहरुको हकमा बागमती प्रदेश लोकसेवा आयोगबाट निर्धारित सिद्धान्त, कार्यविधि र प्रक्रियालाई अवलम्वन गर्नु पर्नेछ।

४३. **<u>बाधा अडकाउ फुकाउ</u>:** यो कार्यविधिको कार्यान्वयनमा कुनै वाधा वा समस्या आइपरेमा मन्त्रालयले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ।

४४. **<u>प्रचलित कानून बमोजिम हुने</u>:** यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयहरुमा प्रचलित कानून बमोजिम हुनेछ।

४५. **<u>खारेजी र बचाउ</u>:** (१) एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ खारेज गरीएको छ।

(२) एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

अनुसूची-१

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

**विद्यालय छनोटका आधार, सूचक र अंक भार**

| विद्यालय छनोटको आधार | सूचक | अंकको वर्गीकरण |
|---|---|---|
| कुल विद्यार्थीको संख्या | ३०० सम्मलाई | २० अंक |
| | ३०१-५०० सम्मलाई | २५ अंक |
| | ५०१-७०० सम्मलाई | ३० अंक |
| | ७०१ भन्दा बढी | ३५ अंक |
| कुल विद्यार्थीमध्ये छात्राको % | ३०% सम्मलाई | १० अंक |
| | ३१% -४०% सम्मलाई | १५ अंक |
| | ४१%-५०% सम्मलाई | २० अंक |
| | ५०% भन्दा बढी | २५ अंक |
| कुल विद्यार्थी संख्यामध्ये लोपोन्मुख सीमान्तकृत, अतिसीमान्तकृत र दलित विद्यार्थीको प्रतिशत | १०% सम्मलाई | १० अंक |
| | ११%-२०% सम्मलाई | १५ अंक |
| | २१%-३०% सम्मलाई | २० अंक |
| | ३१% देखि माथि | २५ अंक |
| कार्यक्रमलाई दुईवटा कोठा उपलब्ध गराउन सक्ने विद्यालय | कार्यक्रमलाई दुईवटा कोठा उपलब्ध गराउन सक्ने विद्यालय | १५ अंक |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-२

(दफा १३ को खण्ड (ख) सँग सम्बन्धित)

**अन्तर्वार्ताको पूर्णाङ्कको विभाजन**

| सि.न. | विवरण | अङ्कभार |
|---|---|---|
| १. | विषयवस्तुको ज्ञान | १२ |
| २. | व्यक्तित्व | २ |
| ३. | सिर्जनशील क्षमता | २ |
| ४. | प्रस्तुति कला | २ |
| ५. | आत्मविश्वास | २ |
| जम्मा | | २० |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-३

(दफा १३ को खण्ड (ग) सँग सम्बन्धित)

## उम्मेदवारको अन्य पक्षको मूल्याङ्कन

| सि.नं. | मूल्याङ्कनको आधार | प्रदान गरीने अङ्क | |
|---|---|---|---|
| १. | उम्मेदवारको शैक्षिक योग्यता | विशिष्ट श्रेणी | १० |
| | | प्रथम श्रेणी | ९ |
| | | द्वितीय श्रेणी | ८ |
| | | तृतीय श्रेणी | ७ |
| २. | कार्यअनुभव | अधिकतम ५ अङ्क (प्रमाणित कागजातको आधारमा प्रति वर्ष १ अङ्कको दरले अङ्क दिइनेछ) | |
| ३. | स्थानीयता | सम्बन्धित गाउँपालिका/नगरपालिकाको बासिन्दा भएमा | १० |
| | | सम्बन्धित स्थानीय तहसँग सिमाना जोडिएको सम्बन्धित जिल्लाको स्थानीय तहको बासिन्दा भएमा | ८ |
| | | सम्बन्धित जिल्लाको बासिन्दा भएमा | ६ |
| | | सम्बन्धित प्रदेशको बासिन्दा भएमा | ४ |
| ४. | लोपोन्मुख/अतिसीमान्तकृत/सीमान्तकृत/दलित जातिभएमा | | ५ |
| | जम्मा | | ३० अङ्क |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-४

(दफा २४ को उपदफा (१) सँग सम्बन्धित)

## **करार सम्झौतापत्रको ढाँचा**

श्री स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश, हेटौडा, मकवापुनर (यसपछि पहिलो पक्ष भनिएको) र ...................जिल्ला,............ महा/उप/नगरपालिका/गाउँपालिका, वडा नं. ..... बस्ने श्री .................................... (यसपछि दोश्रो पक्ष भनिएको) का बीच एक विद्यालय एक नर्स कार्यक्रम अन्तर्गत विद्यालय नर्स पदमा कामकाज गर्न गराउन मिति ..../..../... को निर्णय अनुसार देहायका कार्य/शर्तको अधिनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मञ्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं।

१. **कामकाज सम्बन्धमा**ः दोस्रो पक्षले आफूलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ।

२. **काम गर्नुपर्ने स्थान**ः.........................................................................।

३. **पारिश्रमिक**ः प्रत्येक महिना व्यतित भएपछि, सम्बन्धित स्थानीय तहले दोश्रो पक्षलाई मासिक रुपमा स्वास्थ्य सेवाको पाचौं तहले पाउने शुरु तलब स्केल बराबरको पारिश्रमिक उपलब्ध गराउनेछ।साथै न्यूनतम ६ महिना सेवा प्रदान गरेको अवस्थामा चाडपर्व खर्च र पोशाक भत्ता समेत उपलब्ध गराउनेछ ।

४. **आचरणको पालना**ः दोस्रो पक्षले स्वास्थ्य सेवा ऐन, नियमको पूर्ण पालना गर्नुपर्नेछ।पूर्ण पालना नगरेको पाइएमा सफाइको मौका दिई पहिलो पक्षले जुनसुकै वेला करार भङ्ग गर्न सक्नेछ।

५. **बिदा**ः दोस्रो पक्षलाई सार्वजनिक विदाका साथै मासिक भैपरी बिदा एक दिन, क्रिया बिदा पन्ध्र दिन र प्रसूति बिदा अन्ठानब्बे दिन पाउनेछ।

६. **सम्पत्तिको सुरक्षा**ः दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानि नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

७. <u>**गोप्यताः**</u> दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति, संस्था वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानि नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र प्रचलित कानून बमोजिम कारबाही गरीनेछ।

८. **करार अवधिः** यो करार .....।........।..........देखि लागू भई ......./..../ असार मसान्तसम्मको लागि हुनेछ।

९. <u>**कार्य सम्पादन मूल्याङ्कनः**</u> पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्याङ्कन गर्ने र सो मूल्याङ्कन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा निश्चित अवधिको लागि करार थप हुन सक्नेछ।

१०. <u>**पारिश्रमिक कट्टीः**</u> यस कार्यविधि बमोजिम पाउने बिदा अपुग हुन गई दोश्रो पक्षले सम्बन्धित विद्यालयलाई कार्य विवरणमा तोकिएको सेवा उपलब्ध गराउन अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरीनेछ।

११. <u>**करार सेवाको अन्त्यः**</u> दोश्रो पक्षले सात दिनभन्दा बढी बिदा स्वीकृत नगराई बसेमा वा सेवा नगरेमा, शारीरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु वरावर उल्लङ्घन गरेमा पहिलो पक्षले दोश्रो पक्षसँगको सम्झौता रद्द गर्न सक्नेछ।

१२. <u>**दावी नपुग्नेः**</u> दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दावी गर्न पाउने छैन/गर्ने छैन।

१३. <u>**प्रचलित कानून लागू हुनेः**</u> यस सम्झौतामा उल्लेख नभएको कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

| <u>पहिलो पक्षको तर्फबाट :</u> | <u>रोहवरः</u> | <u>दोस्रो पक्ष (करार गर्ने व्यक्ति):</u> |
|---|---|---|
| हस्ताक्षर : | | हस्ताक्षर : |
| नाम, थर : | | नाम, थर : |
| पद : | | मितिः |
| मितिः | | ठेगाना : |
| कार्यालय: | | सम्पर्क नं. |
| कार्यालयको छापः | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-५

(दफा २४ को उपदफा (३) सँगसम्बन्धित)

**सेवा करार नियुक्तिपत्रको ढाँचा**

प्रदेश सरकार

## स्वास्थ्य मन्त्रालय

हेटौडा, मकवानपुर

बागमती प्रदेश, नेपाल

च.नं.:

प.सं.: मिति:

विषयः **सेवा करार नियुक्ति सम्बन्धमा।**

श्री ........................................,

ठेगाना .........................

तपाईलाईं मन्त्रालयको मिति ........./....../..... को निर्णयानुसार सिफारिस गरीए बमोजिम विद्यालय नर्स पदमा यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम ................................ महा/उपमहा/नगरपालिका/गाउँपालिकाको ........................... विद्यालयमा कामकाज गर्ने गरी मिति ........../....../...... देखि ......../......../........... असार मसान्तसम्म सेवा करारमा नियुक्ति गरीएको छ । उक्त पदमा संलग्न कार्यशर्त अनुरुप आफ्नो काम इमान्दारीपूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप गर्नु हुन जानकारी गराइन्छ ।

साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस मन्त्रालय र विद्यालयमा कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता र आचरणको समेत परिपालना हुन जानकारी गराइन्छ।

.....................

सचिव

**बोधार्थः**

श्री स्वास्थ्य निर्देशनालय, हेटौडा, मकवानपुरः आवश्यक अनुगमन तथा समन्वय गर्नु हुन।

श्री स्वास्थ्य कार्यालय ....................... : आवश्यक अनुगमन तथा समन्वय गर्नु हुन।

श्री ....... महा/उपमहा/नपा/गापा,.............: सम्झौता अनुसार कामकाज गराउनु हुन।

श्री ........ विद्यालय, ...............: सम्झौता अनुसार हाजिर गराई कामकाज गराउनु हुन।

श्री आर्थिक प्रशासन शाखा, स्वास्थ्य मन्त्रालय, हेटौडा, मकवानपुर ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-६

(दफा २८ उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

**<u>सुसूचित मन्जुरीनामा</u>**

श्री ......................................विद्यालय

...................................।

यस विद्यालयको कक्षा .........मा अध्ययनरत मेरो छोरा/छोरी/.........लाई विद्यालयमा रहदा/बस्दा वा पठनपाठनको क्रममा घाउ, चोटपटक वा अन्य भवितव्य दुर्घटना भएमा आवश्यक प्राथमिक उपचार र प्रेषण गर्न अनुमति दिएको छु। सो क्रममा कुनै किसिमको भबितब्य परेमा विद्यालय नर्स/विद्यालय परिवार उपर कुनै उजुर वाजुर गर्ने छैन भनी मेरो यो मञ्जुरीनामा लेखि सहिछाप गरीदिएको छु ।

**<u>अभिभावकको सहि</u> :**

नाम, थरः

ठेगानाः

मितिः

सम्पर्क नं.:

<u>औठाको छाप</u>

| दायाँ | बायाँ |
|---|---|
| | |

**<u>मन्जुरीनामा गराउने कर्मचारीको</u> :**

सहिः

नाम, थरः

पदः

मितिः



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-७

(दफा २८ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित)

## **<u>प्रेषण पुर्जा</u>**

१. मितिः........................................................

समयः................................................ विद्यालयको

नामः................................................. विरामी

विद्यार्थी/शिक्षक/शिक्षिका/कर्मचारीको नामः ........................... उमेर..............वर्ष

लिङ्गः म/पु/अ कक्षा ......सेक्सनः......सम्पर्क नं.: .............

२. विरामीको स्वास्थ्य अवस्थाः

| तापक्रम (Temperature) | नाडीको गति (Pulse rate) | श्वासदर (Respiratory rate) | रक्तचाप (Blood pressure) | वजन (Weight) | उचाई (Height) |
|---|---|---|---|---|---|
| | | | | | |

३. स्वास्थ्य समस्या/ लक्षणहरुः

४. प्रेषण पूर्व प्राप्त गरेको उपचार/ सेवाहरु (औषधि सहित):

५. प्रेषण गरीनुका कारणहरुः

६. अन्य केहि जानकारी भएः

श्री ....................,

...............................।

उपरोक्त विवरण भएको विद्यार्थीलाई आवश्यक स्वास्थ्य सेवाका लागि तहाँ पठाइएको छ । आवश्यक उपचार पश्चात फिर्ती जानकारी पठाईदिनु हुन अनुरोध छ ।

<u>प्रेषणकर्ता</u>

सहि............... नाम,थरः....................................... पदः.........................

सम्पर्क नं.:......................

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# <u>सेवा दिएको विवरण तथा फिर्ती जानकारी</u>

१. मिति र समय :...............फिर्ती जानकारी पठाइएको विद्यालयः .........................

२. सेवाग्राही विद्यार्थी/शिक्षक शिक्षिका/कर्मचारीको नामः

३. ठेगाना :....................उमेर ....वर्ष लिङ्गः म./पु./अ. सम्पर्क नं.:................

४. स्वास्थ्य सेवा लिन आएको मितिः

५. प्रदान गरीएको उपचार/सेवा/औषधिः

६. फल्लोअप गर्नुपर्ने भए (मिति तथा समय उल्लेख गर्ने):

७. फिर्ती जानकारी दिनेको नाम, थरः..........................पदः...................सहिः.......

८. फिर्ती जानकारी दिने स्वास्थ्य संस्था/अस्पतालको नाम :.....................................

९. ठेगाना :

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-८

(दफा २८ को उपदफा (२) सँग सम्बन्धित)

**विद्यालय नर्सको काम, कर्तब्य र अधिकार**

१. **नीति, योजना र नेतृत्वः** देहाय बमोजिम रहेका छन् ।

(क) विद्यालयको स्वास्थ्य नीति, योजना, कार्यविधि र कार्यक्रम तयार गर्न अग्रसर हुने र सहयोग गर्ने, वातावरणीय सुरक्षा, आकस्मिक सेवा तथा प्रकोप ब्यवस्थापन योजनामा सहयोग गर्ने,

(ख) गुण्डागर्दि, हिंसा न्यूनीकरणका, विद्यालय भोजन नीति तथा योजनामा सहयोग गर्ने ।

२. **प्रवर्द्धनात्मक स्वास्थ्य सेवाः** देहाय बमोजिम रहेका छन् ।

(क) विद्यार्थीहरूको शारीरिक, भावनात्मक, मानसिक र सामाजिक स्वास्थ्यको वकालत र प्रबर्धनका लागि विद्यालयमा विभिन्न कार्यक्रम गर्ने,

(ख) मदिरा तथा सुर्तीजन्य पदार्थहरुको नियन्त्रण तथा लागु पदार्थ दुर्व्यसन नियन्त्रण गर्न पहल गर्ने,

(ग) स्वास्थ्य सम्बन्धी प्रदर्शनी, नाटक,परामर्श आदिको आयोजना गर्ने,

(घ) जीवन उपयोगी सिप सिकाउने,

(ङ) पत्रुखाना **(Junk Food)** को प्रयोग निरुत्साहन गर्ने,

(च) पोषिलो खानेकुराहरुको बारेमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(छ) पोषणको महत्त्वबारे प्रदर्शनी, नाटकको आयोजना गर्ने, पोष्टर टाँस्ने,

(ज) लैंगिक हिंसा बाल हिंसा र किशोर किशोरी मैत्री यौन तथा प्रजनन् स्वास्थ्य विषयमा शिक्षा दिने,

(झ) सरसफाई तथा फोहोरमैला व्यबस्थापन सम्बन्धी शिक्षा दिने र व्यवस्थापन र समन्वय गर्नमा सहयोग गर्ने,

(ञ) महिनावारी स्वच्छता व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने,

(ट) शिक्षकहरुलाई स्वास्थ्य सम्बन्धी मुद्दाहरुमा अभिमुखीकरण गर्ने ।

३. **प्रतिकारात्मक स्वास्थ्य सेवाः** देहाय बमोजिम रहेका छन् ।

(क) विद्यार्थीहरूलाई रोगहरुको रोकथामसँग सम्बन्धित सेवा सुविधाहरु उपलब्ध गराउने,

(ख) विद्यालय लक्षित खोप कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(ग) विद्यालयमा कुनै सरुवा रोग देखा परेमा स्थानीय स्वास्थ्य इकाईलाई सकभर छिटो जानकारी गराउने र व्यस्थापनमा सक्रिय भूमिका निर्वाह गर्ने,

(घ) विद्यालयको वातावरण भौतिक तथा मनोसामाजिक रुपमा स्वस्थकर र विद्यार्थी मैत्री बनाउन सहजीकरण गर्ने,

(ङ) **Vit A supplementation, deworming, IFA for Girls program** सञ्चालनमा सहयोग गर्ने,

(च) **WASH** का क्रियाकलापहरु सञ्चालन गर्ने ।

४. **स्वास्थ्य परीक्षण तथा प्राथमिक उपचारः** देहाय बमोजिम रहेका छन् ।

(क) विद्यार्थीहरुको नियमित तथा आवधिक रुपमा स्वास्थ्य सेवा प्रदान गर्न जाँच गर्ने,

(ख) दृष्टि, श्रवण, उचाई र तौल (BMI) तथा दन्त समस्याहरु जाँच गर्ने,

(ग) विद्यालय परिवार सबैको स्वास्थ्य स्थितिको नियमित रुपमा परीक्षण गर्ने,

(घ) विद्यार्थीहरुको **Anthropometric measurement** गरी पोषणको अवस्था हेर्ने,

(ङ) स्थानीय स्वास्थ्य संस्था वा अन्य सहयोगी सस्थाहरुसँग समन्वय गरी आवश्यकतानुसार विद्यार्थीहरुको सामान्य स्वास्थ्य परीक्षण (आँखा, मुख, कान, दाँत, छाला आदि) गर्ने,

(च) विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुलाई आईपर्ने सामान्य रुघाखोकी, बान्ता तथा झाडापखाला र चोटपटक, घाउ, खटिरा देखि अपर्झट आईपर्ने स्वास्थ्य समस्याहरुको व्यबस्थापन गर्ने,

(छ) महिनावारीसँग सम्बन्धित विभिन्न किसिमका समस्याहरुको समाधान गर्न किशोरीहरुलाई सहयोग गर्ने,

(ज) दीर्घ रोग लागेका विद्यार्थीहरुको व्यक्तिगत कार्य योजना बनाई सम्बन्धित शिक्षक, कर्मचारी तथा परिवारका सदस्यहरु संलग्न गराई स्वास्थ्य सेवा प्रदान गर्ने, गराउने ।

५. **परामर्श सेवा**ः देहाय बमोजिम रहेका छन् ।

(क) शारीरिक, मानसिक तथा यौनिक परिवर्तन, प्रजनन् स्वास्थ्य, यौन तथा यौनिकता, महिनावारी व्यवस्थापन सम्बन्धी परामर्श दिने,

(ख) मानसिक समस्या र अन्य स्वास्थ्य सम्बन्धी समस्या व्यवस्थापनका लागि परामर्श दिने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(ग) अपाङ्गता भएका विद्यार्थीहरुको क्षमता अभिवृद्धि गर्न प्रोत्साहन गर्नका लागि शिक्षक, विद्यार्थी तथा अभिभावकलाई आवश्यकतानुसार परामर्श सेवा उपलब्ध गराउने,

(घ) दीर्घ रोग लागेका तथा लामो समयसम्म उपचार आवश्यक पर्ने विद्यार्थीहरुको पहिचान गरी अभिभावक तथा विद्यार्थीलाई यथोचित परामर्श दिने,

(ङ) स्वस्थ जीवनशैली र स्वस्थकर खानपिन सम्बन्धी परामर्श दिने,

(च) व्यक्तिगत सरसफाई, वातावरणीय सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी परामर्श दिने ।

६. **<u>प्रेषण सेवाः</u>** देहाय बमोजिम रहेका छन् ।

(क) विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुलाई थप उपचार आवश्यक भएमा समयमा नै स्वास्थ्य संस्थासँग समन्वय गरी प्रेषण गर्ने,

(ख) विद्यालयमा आकस्मिक अवस्थाहरुमा नर्सले घटनाको लेखाजोखा गरी वालवालिकालाई घर पठाउने, अभिभावकलाई बोलाउने वा एम्बुलेन्स बोलाउने भन्ने सुझाव दिने र ती वालवालिकाहरुलाई प्रेषण गरेर हस्तान्तरण नगरुन्जेलसम्म हेरचाह गर्ने,

(ग) विद्यार्थीलाई प्रेषण गर्नुपरेमा बिरामी विद्यार्थीको अभिभावकलाई खवर गरी बोलाउने,

(घ) प्रेषण गरेका विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुलाई अनिवार्य अनुगमन गरी सो को अभिलेख चुस्तदुरुस्त राख्ने ।

७. **<u>विशेष आवश्यकताका स्वास्थ्य सेवाः</u>** देहाय बमोजिम रहेका छन् ।

(क) दीर्घ रोग भएकाहरु, अशक्त र अपाङ्गता भएका वा लवालिकाहरुको लागि नियमित विद्यालय सेटिंगमा समावेश गर्ने,

(ख) स्वास्थ्य स्थितिको आंकलन गरी शैक्षिक प्रगतिमा अवरोध खडा गर्ने कुनै स्वास्थ्य समस्याहरू पहिचान गर्ने,

(ग) विद्यालय स्वास्थ्य सेवाहरू सुनिश्चित गर्ने,

(घ) विशेष आवश्यकताका वालवालिकाहरुको हेरचाह तथा सुपरीवेक्षण गर्ने,

(ङ) दैनिक औषधि सेवन गराउने वा उनीहरुको पारिवारीक चिकित्सकले उल्लेख गरे अनुरुप उपचार गर्ने।

८. **<u>समसामायिक विषयका स्वास्थ्य सेवा कार्यक्रमः</u>** समयमा देहायका समसामायिक विषयहरुमा जनचेतनामूलक सूचना वा जानकारी प्रदान गर्ने (जस्तै पोष्टर, प्रदर्शन, नाटक, चलचित्र आदि):-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) किशोर अवस्थामा हुने गर्भधारणको रोकथाम र परिवार नियोजनका साधनहरु,
(ख) योग शिक्षा, कसरत तथा व्यायम,
(ग) पोषण,
(घ) दन्त स्वास्थ्य,
(ङ) यौन सन्सर्गजन्य रोग तथा सक्रमणको रोकथाम,
(च) धुम्रपान मदिरापानको रोकथाम तथा निर्मूलिकरण,
(छ) लागु पदार्थको दुरुपयोग रोकथाम,
(ज) व्यक्तिगत तथा वातावरणीयसरसफाई,
(झ) Good touch and bad touch,
(ञ) Life skills,
(ट) Menstrual hygiene management.

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-९

(दफा ३० सँग सम्बन्धित)

## आचार संहिता

(१) **छनोट तथा सिफारिस  समितिका पदाधिकारीले पालना गर्नु पर्ने आचरणः**

(क) नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार भएमा मूल्याङ्कन तथा अन्तरवार्ता कार्यमा संलग्न हुनु हुदैन ।

(ख) कुनै उम्मेदवारको पक्ष वा बिपक्षमा कहीँ कतै मत व्यक्त गर्नु हुदैन।

(ग) छनोट तथा सिफारिस  समितिका पदाधिकारी र कर्मचारीले गरीरहेका गोपनीयता कायम गर्नु पर्ने काम कारवाहीका विषयमा अनावश्यक रुपमा खोजीनिती गर्न वा चासो लिनु हुदैन।

(घ) सेवा करारमा विद्यालय नर्स छनोटको लागि सूचना प्रकाशन भएदेखि उम्मेदवारको नाम सिफारिस नभएसम्मको अवधिभर छनोट तथा सिफारिस समितिका पदाधिकारी र कर्मचारीले कसैको अनावश्यक प्रलोभन, दवाव, धम्की, भनसुन वा आग्रहमा पर्नु हुदैन।

(२) **छनोट तथा सिफारिस समितिका पदाधिकारी र कर्मचारीले पालना गर्नु पर्ने आचरणः**

(क) कार्यगत स्वतन्त्रता र निष्पक्षता कायम राख्न हरसम्भव प्रयत्नशील रहनु पर्दछ।

(ख) छनोट सम्बन्धी काममा गोपनीयता कायम गर्नु पर्नेछ ।

(ग) छनोट सम्बन्धी कार्य सम्पादन गर्दा बाह्य वा आन्तरिक कुनै पनि क्षेत्रबाट कुनै पनि कारणले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आउने प्रभाव, प्रलोभन, दवाव, भनसुन, धम्की, आग्रह आदिबाट रित वा प्रभावित नभई कानूनको सही रुपमा प्रयोग गरी कार्य सम्पादन गर्नु पर्नेछ।

(घ) कुनै प्रकारको मोलाहिजा, पक्षपात वा पूर्वाग्रह नराखी मन्त्रालयको बृहत्तर हितलाई प्राथमिकतामा राखी आफ्नो पदीय कर्तव्यको पालना गर्नु पर्नेछ।

(ङ) छनोट सम्बन्धि काम कारबाहीमा आसर पर्ने गरी वा निष्पक्षता, गोपनीयता वा विश्वसनीयतामा आंच पुग्ने गरी जानाजान कुनै प्रकारको टिका टिप्पणी वा आलोचना गर्न वा सार्वजनिक वा अन्य कुनै रुपमा अभिव्यक्ति दिनु हुदैन।

(च) कुनैपनि उम्मेदवारबाट कुनै दान, दातव्य, चन्दा, ऋण सापटी, आर्थिक वा भौतिक लाभ, उपचार वा कोशेली ग्रहण वा स्वीकार गर्नु हुदैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) <u>दक्ष वा बिज्ञ वा अन्तर्वार्ताकारले पालना गर्नु पर्ने आचरणः</u>

(क) अन्तर्वार्ता सम्बन्धी कार्य जिम्मेवारीको कुरा कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा व्यक्त गर्नु हुदैन।

(ख) आफ्नो नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार रहेको व्यहोरा जानकारी हुन आएको अवस्थामा अन्तर्वार्ता सम्बन्धी जिम्मेवारी निर्वाह गर्नु हुदैन।

(ग) अन्तरवार्ताका लागि प्रदान गरिएको अङ्क कहीं कतै व्यक्त गर्नु हुदैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश